# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्या:- २०७९/०८०

गण्डकी प्रदेश,नेपाल

## कृषि विकास कार्यक्रम सन्चालन लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

<u>प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/५/२९</u>

यस गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सन्चालन गरिने हुदाँ रघुगंगा गाउँपालिका भित्र रहेका ईच्छुक कृषि सम्बन्धी कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषकले यस गाउँपालिकाको कृषि शाखा वा कृषि सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालयहरुमा यो सुचना प्रकाशित भएको मितिले २१ दिन (२०७९/६/३१) गते कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन पेश गर्नुहुन लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र नपरेका तथा रितपूर्वक पेश नभएका निवेदन उपर कुनै कारबाही नहुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स | कार्यक्रमको किसिम | अनुदान सहयोग | कार्यान्वयन ढाँचा | संचालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | खायन आंलु उत्पादन | कुल स्वीकृत लागतको बढीमा ५० प्रतिशत, सामुहिक प्रयोगको साना सिंचाईको हकमा ८५ प्रतिशत | • कृषक समूह, कृषि सहकारी, कृषि फार्म र उद्यमी कृषकहरुले कम्ती मा १० घरधुरी संलग्न हुने गरी कलष्टर वनाई आवेदन पेश गर्नु पर्ने ।<br>• क्षेत्रफल एक कलष्टर २०० रोपनी हुनुपर्ने ।<br>• गाउँपालिका भित्र न्युनतम ४ कलष्टर निर्माण हुनेछ | • उन्नत बिउ, मल, बाली संरक्षण, कृषि औजार<br>• साना सिचाई, planter, आदि निर्माण<br>• क्षमता अभिबृद्धि तालिम/ अभिमुखीकरण |
| २ | कृषि यान्त्रिकिकरण | बढीमा ५० प्रतिशत | • कृषक समूह,कृषि सहकारी कृषि फार्म र उद्यमी कृषकहरुले आवेदन पेश गर्न सकिन्छ।<br>• कृषि यान्त्रिकिकरण कार्यक्रम कार्यवन्यन कार्यविधि २०७७ बमोजिम संचालन गरिनेछ।<br>• यस कार्यालयबाट अघिल्लो २ आ.व. मा सोहि प्रकृतीको कार्यक्रममा समावेश भएका कृषकलाई यस आ.व. मा समावेश गरिने छैन । | • मिनिटेलर हलो<br>• थ्रेसर<br>• कुटानी पिसानी मिल |

आवश्यक कागजातहरु:-

१. रित पूर्वकको निवेदन ।
२. कृषि सहकारी/ कृषक समुह/ कृषि फर्मको हकमा दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र र निर्णयको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५. प्रस्तावित क्षेत्रको जग्गा धनि पुर्जाको प्रतिलिपि (जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम ५ बर्षको लागि करार सम्झौताको प्रतिलिपि) थप जानाकारीको लागि : ९८५७६४८६१०, ९८५७६४८६२४, ९८६९२१६३६८

२०७९/०५/२९

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

वेवसाइट: raghugangamun.gov.np
इमेल: raghugangagapa@gmail.com

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
## २०७३


पत्र संख्याः- २०७९/०८०

गण्डकी प्रदेश, नेपाल

## साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/५/२९**

आ.व. २०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत रघुगंगा गाउँपालिका क्षेत्रभित्रका तपसिल अनुसारका कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/ निजि कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन (२०७९/६/३१) गते कार्यालय समयभित्र यस गाउँपालिकाको कृषि शाखामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको (अनुसूची-१०) अनुसार आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। म्याद भित्र नपरेका तथा रितपूर्वक पेश नभएका निवेदन उपर कुनै कारबाही नहुने व्यहोरासमेत जानकारी गराईन्छ।

तपसिल

| क.स | संचालन हुने पकेटको विवरण | पकेटको क्षेत्रफल | कार्यक्षेत्र | कुल बजेट | अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आ.व.२०७८/०७९ मा स्थापना भएको सुन्तलाजात फलफूलको (पकेट) विकास कार्यक्रम निरन्तरता (पुरानो) | न्यूनतम ५ हेक्टर (१०० रोपनी) | रघुगंगा गाउँपालिकाबाट निर्धारित पकेट प्याकेज अवधारणा बमोजिम प्राप्त निवेदनलाई प्राथमिकता दिईने छ । | ६ लाख | बढीमा ५० प्रतिशत | परियोजना कार्यान्वयन म्यानुअल अनुसार संचालन गरिने |
| २ | आलु बाली पकेट विकास कार्यक्रम (नयाँ) | | | १२ लाख | | |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

१. कार्यक्रम मागको निवेदन अनुसूची-१० अनुसारको (गाउँपालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ ।
२. कृषि फर्म, कृषक समूह, कृषि सहकारी, कृषि कम्पनीको हकमा नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपि।
४. कर चुक्ताको प्रमाण पत्र ।
५. कार्यक्रम संचालन हुने जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, पुरानो पकेटक्षेत्र निरन्तरताको हकमा सम्बन्धित वडा कार्यालयको अनुगमन प्रतिवेदन समेत ।
७. कार्यसमितिको निर्णयको प्रतिलिपि ।
८. सम्पूर्ण सदस्यहरुको नागरिताको प्रतिलिपि ।

**नोटः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल www.pmamp.gov.np र www.raghugangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।

**थप जानकारीको लागिः** ९८४७६४८६१०, ९८५७६४८६२४, ९८६९२१६३६८

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

(कृषि यान्त्रिकीकरण कार्यक्रमको लागि निबेदनको ढाँचा)

मितिः

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु
रघुगंगा गाउँपालिका।
गाउँ कार्यपालिकाको कार्यालय,
मौवाफाँट, म्याग्दी ।

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

महोदय,
रघुगंगा गाउँपालिकाबाट मिति २०७९/५/२९ मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको कृषि यान्त्रिकीकरण कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

तपसिलः
अनुदानग्राहीको नामः

ठेगानाः

माग गरेको कृषि यान्त्रिकीकरणको नामः-

माग गरेको मेसिनको प्रकार/ स्पेसीफिकेसनः-

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः

सम्पर्क फोन नंः-
संस्थाको हकमा छापः-

(खायन आलु उत्पादन कार्यक्रमको लागि निवेदनको ढाँचा)

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

महोदय

रघुगंगा गाउँपालिकाबाट मिति २०७८/५/२९ मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको खायन आलु उत्पादन कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

तपसिलः
अनुदानग्राहीको नामः
ठेगानाः
वडा नंः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप